प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय दिपायल, डोटी

पशुपन्छी मोडेल फार्मको लागि परियोजना प्रस्ताव पेश गर्ने सम्वन्धि सुचना

**प्रथम पटक प्रकाशित मितिः २०७६/११/४ गते**

आ.व. २०७६।०७७ मा संचालन गरिने पशुपन्छी मोडेल फार्म स्थापना तथा संचालनका लागि परियोजनाको लागत बढीमा ५ प्रतिशतसम्म अनुदान रकम उपलव्ध गराउने कार्यक्रम रहेको हुँदा देहाय वमोजिको मोडल फार्मको किसिममा रहेर मोडल फार्म संचा गर्न इच्छुक सुदूरपश्चिम प्रदेशका पशुपन्छी सम्वन्धि उद्यमी, कानून बमोजिम दर्तावाल पशुपन्छी फार्म, कृषि समुह तथा कृषि सहक संस्थाले यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजनाको प्रस्तावसहित देहायः अनुसारको कागजातहर आवेदन प्रदेशमा रहेका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु क्रमशः कंचनपुर, डडेल्धुरा, बैतडी ,बझाङ्ग ,बाजुरा र सम्पर्क के कैलाली, दार्चुला, डोटी र अछाम वा निर्देशनालयमा पेश गर्नका लागि सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको ।

| क्र.सं. | मोडल फार्मको किसिम | पशुपन्छीको न्युनतम संख्या/ पुर्वाधार | अनुदान रकम सीमा | कैफियत |
|---|---|---|---|---|
| १. | मोडल फार्म भैसी | वयस्क २० गोटाभैसी पालेको हुनुपर्ने | वार्षिक स्वीकृत बजेट अनुसार रु. ५लाखदेखि अधिकतम रु.१० लाख सम्म प्रति मोडेल फार्म | बढीमा ५ प्रतिशत सम्म अनुदान |
| २. | मोडल फार्म गाई | वयस्क ४० गोटा गाई पालेको हुनुपर्ने | | |
| ३. | मोडल फार्म बाखा | वयस्क १०० बाख्रा वा आधुनिक खोर बनेको हुनुपर्ने | | |
| ४. | मोडल फार्म बंगुर | वयस्क बंगुर ४० वा आधुनिक खोर बनेको हुनुपर्ने | | |
| ५. | मोडल फार्म लेयर्स/ब्रोइलर | १० हजार कुखुरापालन व्यावसाय गरेको हुनुपर्ने | | |

संलग्न आवश्यक कागजातहरु

१. पशुपन्छी फर्मको हकमा संस्थाको दर्ता प्रमाणपत्र प्यान /भ्याट दर्ता प्रमाण पत्र र पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु

२. कृषक समुह र कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाण पत्र, वार्षिक अडिट रिपोर्ट र संस्था संचालक समितिको वैठक निर्णयको प्रतिलिपि

३ सम्वन्धित स्थानिय तह वा वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त भएको सिफारिस पत्र

४. सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको पशुपन्छीको सख्या र गोठ खोर दाना घाँस उल्लेख भएको सिफारिस

५. अनुसुचि -२ र ३ वमोजिको आवेदन र कार्य योजना

६.आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा प्रचलित कानून बमोजिम कम्ति १० वर्ष लिजमा लिएको खुल्ने सक्कल कागजात

७.आफ्नो स्वामित्य नभएको तर वर्षौं देखि भोगचलन गर्दै आएका आवेदकहरुको हकमा तिरो तिरेको सक्कल रसिद र भोगचलन सम्वन्धि स्थानिय तहवाट प्रमाणित पत्र

८. समुह, सहकारीहरुले सामुहिक रुपमा एउटै खोर /गोठमा पशुपन्छीपालन गरेको हुनु पर्ने

९. विगत बर्षहरुमा सोहि प्रकृतिको अनुदान नलिएको र लागत साझेदारी प्रतिबद्धता पत्र

नोटः आवश्यक अनुसुचि का लागि निर्देशनालयको वेभसाईट WWW.dolfddipayal.gov.npवाट डाउनलोड वा सम्वधित विज्ञ केन्द्रह प्राप्त गर्न सकिनेछ ।विस्तृत जानकारीको लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय दिपायल डोटीको फोन नं. ०९४-४४०१४ सुचना अधिकारी श्री पुष्करराज नाथ को मोवाइल नं.९८५८४४०२२६ सम्पर्क गर्न सकिने छ ।